कचनकवल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बनियानी, झापा

कोशी प्रदेश, नेपाल


पत्र संख्या : २०८०/०८१

च. नं. : २९८२

मिति २०८१/०२/३२

श्री शाखाहरु (सबै), कचनकवल गाउँपालिका।

श्री वडा कार्यालयहरु (सबै), कचनकवल गाउँपालिका।

श्री कचनकवल गाउँपालिकामा कारोबार गर्ने निर्माण व्यवसायीहरु, आपूर्तिकर्ताहरु, उपभोक्ता समितिहरु।

श्री सरोकारवालाहरु (सबै)।

**विषय: आ.व. २०८०/८१ को भुक्तानी तथा फरफारक सम्बन्धमा**

प्रस्तुत विषयमा यस कार्यालयसँग सम्झौता गरी सञ्चालनमा रहेका आ.व. २०८०/०८१ का विभिन्न योजना तथा कार्यक्रमहरु र यस कार्यालयले भुक्तानी गर्नुपर्ने अन्य दायित्वहरुको फरफारक तथा भुक्तानीका लागी मिति २०८१/०३/१५ गते सम्ममा आवश्यक कागजात सहित सम्पूर्ण प्रकृया पुरा गरी यस कार्यालयको आर्थिक प्रशासन (लेखा) शाखामा पेश गर्नहुन अनुरोध छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० मा भएको व्यवस्था बमोजिम **आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अद्यावधिक गरी भुक्तानी र निकासा बन्द गर्नुपर्ने** भएको र स्थानीय संचित कोष प्रणाली (SuTRA) को सर्भरमा अत्यधिक चाप आई सिस्टम ढिलो हुने, नचल्ने तथा असार २४ गते देखि भुक्तानी प्रणाली बन्द हुने (गत विगत आ.व. हरुको अभ्यासका आधारमा) गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा भएको व्यवस्था अनुसार असार २३ गते भित्र खर्च हुन नसकेको रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय झापा तथा प्रदेश लेखा इकाई झापामा पेश गर्नुपर्ने र भुक्तानीको करकट्टी रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गर्नुपर्ने तथा आ.व. २०८०/०८१ को आय व्ययको हिसाव भिडान तथा मिलान गरी नेपाल सरकार, प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय लगायतका तालुक निकाय समक्ष प्रतिवेदन पेश गर्नुपर्ने भएकाले तोकिएको समय सीमा भन्दा पछी पेश हुन आएका भुक्तानी फायलहरु भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागी अनुरोध छ।

| | |
|---|---|
| ०२/३२ | ०८१/०२/३२ |
| **(गोविन्द रिजाल)** | **(सुभाषचन्द्र सुमन)** |
| **लेखा अधिकृत** | **प्रमुख प्रशासकीय अधिकृत** |
| गोविन्द रिजाल<br>लेखा अधिकृत<br>(अधिकृत स्तर सातौं) | सुभाष चन्द्र सुमन<br>प्रमुख प्रशासकीय अधिकृत |

**सादर अवगतार्थ**

श्री अध्यक्षज्यू, कचनकवल गाउँपालिका।

श्री उपाध्यक्षज्यू, कचनकवल गाउँपालिका।

**बोधार्थ:**

सूचना प्रविधि शाखा: वेवसाइट र फेसबुक पेजमा अपलोड गर्नहुन।


Website : www.kachankawalmun.gov.np Phone No. : 9852655210

E-mail: info@kachankawalmun.gov.np kachankawala@gmail.com ito.kachankawalmun@gmail.com